# मिल्क एनाल्लाईजर वितरण कार्यबिधि, २०७०

## (पहिलो संशोधन, २०७१)

नेपाल सरकार (सचिवस्तर) मिति २०७१-११-०३ गते को निर्णयअनुसार स्वीकृत

कृषि विकास मन्त्रालय

फाल्गुन, २०७१

# मिल्क एनालाईजर वितरण कार्यबिधि, २०७०
## (पहिलो शंसोधन, २०७१)

### १. पृष्ठभूमि

परम्परागत रुपमा पालिदै आएका पशुपालन व्यवसाय केही वर्षदेखी व्यवसायिक रुपमा विकास हुने क्रम अगाडि बढेको पाइन्छ । दुग्ध उत्पादक सहकारी संघ/संस्थाले दूध संकलन गरेर बजार सुविधा भएको कतिपय ठाउँमा दुग्ध पदार्थ उत्पादन गरी बिक्री गर्दै आएका छन् । निजी स्तरमा संचालित पशुपालन फार्महरुले दुग्ध व्यवसायीहरुसंग दूध बिक्री कार्य मूल्य श्रृखला (value chain) का आधारमा गर्दै आएका छन् । उत्पादित दूधको गुणस्तर परिक्षण गर्न तथा किसानहरुमा यस व्यवसायलाई पारदर्शी तुल्याउन दूध संकलन केन्द्र/सहकारी संस्थाहरुमा स्वचालित दूध बिश्लेषण यन्त्र (Milk analyzer) स्थापना गर्नु पर्ने आवश्यक देखिन्छ । यसको स्थापना तथा संचालन पश्चात् दूधको गुणस्तर नियन्त्रण गर्न सहयोग पुग्नुका साथै कृषकहरुले बिक्री वापत दूधको सही मूल्य प्राप्त गर्न सहज हुने हुँदा राष्ट्रिय दुग्ध विकास बोर्डले Milk analyzer को खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा बढिमा रु. १,५०,०००/ ( एक लाख पचास हजार रुपैया मात्र) अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

### २. उद्देश्य

- दूधको गुणस्तर जाँच परीक्षण गर्न सहयोग गर्ने ।
- कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न सहयोग पुग्ने ।
- दूध खरीद र बितरण प्रणालीमा बैज्ञानिक पद्धति लागु गर्न सहयोग गर्ने ।

### ३. कार्यविधि

**३.१ प्रस्ताव आह्वान:**

दुग्ध उत्पादक सहकारी संघ/संस्था तथा व्यावसायिक गाई/भैंसी पालनमा आवद्ध कृषक/दुग्ध उद्योग(दुग्ध उद्योगहरुद्धारा संचालित चिलिङ्ग सेन्टर)हरुलाई सहकार्यमा दुग्ध व्यवसाय सुदृढिकरणका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची-१ बमोजिम, प्रस्तावको ढांचा अनुसूची-५ बमोजिम तथा प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु अनुसूची-४ बमोजिम हुने छ ।

**३.२ प्रस्ताव मूल्यांकन:** दफा ३.१ बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई राष्ट्रिय दुग्ध विकास बोर्डवाट गठित मूल्यांकन उप-समितिले मूल्यांकन गरी प्रतिष्पर्धाको आधारमा छनौट गर्नेछ । प्रस्ताव मूल्यांकनका आधारहरु देहाय अनुसार हुने छन:

क. राष्ट्रिय दुग्ध विकास बोर्डको स्वीकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिम प्रस्ताव माग गर्नेछ ।

ख. सूचना प्रकाशन पश्चात् अनुसूची-२ अनुसारको निवेदन सहित सरोकारवाला दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक गाई/भैंसी पालनमा आवद्ध कृषक/दुग्ध उद्योग(दुग्ध उद्योगहरुद्धारा संचालित चिलिङ्ग सेन्टर)हरुले अनुसूची-३ अनुसारको सिफारिश सहित राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवनमा प्रस्ताव पेश गर्नु पर्ने छ ।

ग. प्रस्ताव पेश गर्दा अनुसूची- ५ अनुसारको ढाँचामा पेश गर्नु पर्ने छ ।

घ. प्रस्तावको साथमा अनुसूची-४ अनुसारका कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ, माग बमोजिमका कागजातहरु अपुग भएमा प्रस्ताव स्वत रद्घ हुने छ ।

ङ क्षेत्रगत जिल्लाको संख्याको आधारमा समानुपातिक हिसाबले प्रत्येक क्षेत्रलाई लक्ष बिभाजन गरी सोही अनुसार अनुदान बितरण गरिनेछ ।

च. प्राप्त प्रस्तावहरु अनुसूची-६ अनुसार मूल्यांकन गरी प्रतिष्पर्धाको आधारमा छनौट गरिने छ ।

छ. मिल्क एनालाईजर खरीदको लागि प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा बढिमा रु १,५०,०००/ (एक लाख पचास हजार मात्र) का दरले अनुदान रकम उपलब्ध गराईने छ ।

ज. छनौट भएका निकायलाई अनुसूची-७ अनुसार सम्झौता गराइने छ ।



नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

### ३.३ मूल्यांकन उप-समिति

राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिद्वारा गठित तपसिल वमोजिमको मूल्यांकन उप-

समितिले अनुदानको लागि कार्यविधि तयार गर्न, संसोधन गर्न, प्रस्ताव आह्वान तथा प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन गरि स्वीकृतिका लागि राष्ट्रिय दुग्ध विकास वोर्ड समक्ष सिफारिस गर्नेछ ।

| | |
|---|---|
| कार्यकारी निर्देशक रा.दु.वि.वोर्ड | (संयोजक) |
| विषय विज्ञ, वोर्ड सदस्य, रा.दु.वि.वोर्ड | सदस्य |
| दुग्ध उद्योग प्रतिनिधि, वोर्ड सदस्य, रा.दु.वि.वोर्ड | सदस्य |
| प्रतिनिधि, के.दु.स.संघ | सदस्य |
| प्रतिनिधि, दुग्ध विकास संस्थान | सदस्य |
| प्रतिनिधि, पशु सेवा विभाग | सदस्य |
| अनुसन्धान अधिकृत, रा.दु.वि.वोर्ड | (सदस्य सचिव) |

दफा ३.३ वमोजिम गठित उप-समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।
१) उप-समितिले वैठकको कार्यक्रम आफै निर्धारण गर्नेछ ।
२) उप-समितिले आवश्यकता अनुसार अन्य विज्ञ प्रतिनिधिहरुलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

### ४. अनुगमन

अनुदान प्राप्त मिल्क एनालाईजरको उपयोग सम्बन्धी अनुगमन राष्ट्रिय दुग्ध विकास बोर्डले गरी लिखति प्रतिवेदन गर्ने छ ।

### ५. भुक्तानी गर्ने विधि

स्थलगत अनुगमन पश्चात मिल्क एनालाईजर खरीद गरेको मूल्य अभिवृद्धि कर सहितको विल पेश गरे पछि मात्र बोर्डले अनुदान रकम भुक्तानी गर्नेछ ।

### ६. बिविध

यस कार्यविधि अनुसार सम्पन्न गरीने कामको सिलसिलामा कुनै बिवाद वा भ्रम श्रृजना भएको खण्डमा सो को निराकरण सम्बन्धि राष्ट्रिय दुग्ध विकास बोर्डको अन्तिम निर्णय हुने छ ।

### ७. अनुदान उपलव्ध गराईने मिल्क एनालाईजरको स्पेसिफिकेशन

दूधमा रहेको चिल्लो पदार्थ, चिल्लो रहित ठोस पदार्थ, प्रोटिन, घनत्व, ल्याक्टोज, पि.एच र दूधमा पानीको मिसावट मापन गर्ने कम्प्यूटर सहितको मिल्क एनालाईजरमा मात्र अनुदान रकम उपलव्ध गराईनेछ ।

### ८ कार्यविधि संसोधन/खारेजी

राष्ट्रिय दुग्ध विकास वोर्डको सिफारिसमा आवश्यकता अनुसार यस कार्यविधिमा नेपाल सरकार, कृषि विकास मंत्रालयले आवश्यक संसोधन/परिमार्जन एवं खारेजी गर्न सक्नेछ ।

### ९ कार्वाहीको व्यवस्था

प्रस्ताव स्वीकृत भएका निकायहरुले प्रस्ताव र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून वमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।



नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

**अनुसूची-१**

## प्रस्ताव आव्हानको सूचना

राष्ट्रिय दुग्ध विकास बोर्ड

Milk Analyzer खरीदमा अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः .......

यस वोर्डको आ.व. २०...।... मा दुग्ध उत्पादक सहकारी संघ/संस्था/ व्यावसायिक गाई/भैंसी पालनमा आवद्ध कृषक/दुग्ध उद्योग( दुग्ध उद्योगहरुद्धारा संचालित चिलिङ्ग सेन्टर)हरुलाई दूध परीक्षण गर्न प्रयोग गरीने स्वचालित दूध बिश्लेषण यन्त्र (Milk Analyzer) को खरीदमा प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढिमा रु १,५०,०००/ (एक लाख पचास हजार रुपैया मात्र) अनुदान दिने सम्वन्धमा प्रस्ताव आव्हानको लागि सूचित गरीन्छ ।

१. अनुदान रकमः स्वचालित दूध बिश्लेषण यन्त्र (Milk Analyzer) खरीदका लागि प्रयोग गर्नु पर्ने छ ।
२. यो अनुदान कार्यकम नेपाल अधिराज्यभरका दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक गाई/भैंसी पालनमा आवद्ध कृषक/दुग्ध उद्योग (दुग्ध उद्योगहरुद्धारा संचालित चिलिङ्ग सेन्टर) हरुलाई दिइने छ ।
३. प्रस्तावमा देहायका विषयहरु समावेश भएको हनुपर्नेछः
   क) संस्थाको परिचय
   ख) उद्देश्य
   ग) संस्थासंगको विद्यमान भौतिक सुविधाहरु
   घ) संकलन हुने दूधको परिमाण तथा लाभान्वित परिवारको संख्या
   ङ) मिल्क एनालाईजरको लागत मूल्य तथा संस्थाले व्यहोर्ने रकम
   च) संस्थाले व्यहोर्ने रकमको प्रतिवद्धता ।
४. प्रस्ताव पेश गर्दा यस कार्य विधिको अनुसूची २, ३, ४ र ५ मा उल्लेख भए बमोजिमको कागजातहरु पेश गर्नु पर्ने छ ।
५. आवेदक दुग्ध उत्पादक सहकारी संघ/संस्था/व्यावसायिक गाई/भैंसीपालनमा आवद्ध कृषक/दुग्ध उद्योगहरुले तीन वर्ष भित्र सरकारी वा गैह्र सरकारी निकायहरुबाट कुनै पनि वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्ने ।
६. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस वोर्डको कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।
७. मिल्क एनालाईजर सम्वन्धी कार्यविधि, अनुसूची एवं विस्तृत विवरण बोर्डको सूचना पाटि तथा website: www.nddb.gov.np मा हेर्न सक्नु हुने छ ।


<u>थप जानकारीको लागि सम्पर्क ठेगाना</u>

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।

फोन नं. ०१-५५२५४००/५५४४७४७


नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

अनुसूची-२

## निवेदनको ढांचा

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति.....................को राष्ट्रिय दैनिक..............मा प्रकाशित सूचना अनुसार जिल्ला..................गा.बि.स.......................बजार/गाउँ..............मा सन्चालित...................दुग्ध सहकारी संस्था/जिल्ला दुग्ध सहकारी संघ/व्यवसायिक पशुपालक कृषकलाई मिल्क एनालाईजरको आवश्यकता परेको हुंदा जिल्ला पशु सेवा कार्यालय..................................अथवा डिभिजन सहकारी कार्यालय..............को सिफारिस सहित आवश्यक कारवाहीको लागि प्रस्ताव पेश गरेको छु ।

प्रस्तावक संस्थाको तर्फबाट

संस्थाको अध्यक्षको नाम<br>
दस्तखत<br>
छाप

नेपाल सरकार<br>
कृषि विकास मन्त्रालय<br>
सिंहदरबार

अनुसूची–३

## जिल्ला पशु सेवा कार्यालय वा डिभिजन सहकारी कार्यालयको सिफारिस पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति.....................को राष्ट्रिय दैनिक...............मा प्रकाशित सूचना अनुसार जिल्ला..............................गा.बि.स.............................बजार/गाउँ.......................मा सन्चालित................................दुग्ध सहकारी संस्था/जिल्ला दुग्ध सहकारी संघले सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, उक्त संस्था आ.व..................निरन्तर रुपमा सन्चालन भई दैनिक...............लिटर दूध संकलन/प्रशोधन गर्ने भएको र उक्त संस्थाबाट...................कृषक परिवार लाभान्वित भई रहेको हुंदा नियमानुसार मिल्क एनालाईजर खरीदका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु।

कार्यालय प्रमुख

नाम

पद

दस्तखत

कार्यालयको छाप

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची–४
## प्रस्ताव साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजातहरु

१. अनुसूची–२ अनुसारको निवेदन

२. अनुसूची–५ अनुसारको परियोजना प्रस्ताव

३. अनुसूची–३ अनुसारको सिफारिश पत्र

४. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अधिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपि ।

५. संस्था संचालन भएको स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी साथै घर भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि ।

६. नेपाली नागरिकता वा किसान परिचय पत्रको प्रमाणित प्रतिलिपि

७. कार्यक्रम संचालन गर्ने प्रतिवद्धता

८. खरीद गर्न चाहेको मिल्क एनालाईजरको गुणस्तर तथा परिमाण सम्वन्धि ब्रोसर वा डकुमेन्ट ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

## अनुसूची–५
## प्रस्ताव पत्रको नमूना

| | | | | |
|---|---|---|---|---|
| १. | प्रस्तावक संस्थाको नाम | | | |
| २. | ठेगाना तथा सम्पर्क नम्वर | | | |
| ३. | संस्था दर्ता नम्बर | | | |
| ४. | दर्ता भएको कार्यालय | | | |
| ५. | भ्याट/पान दर्ता नम्बर | | | |
| ६. | संस्था स्थापना मिति | | | |
| ७. | हाल पेश गरेको प्रस्तावको नाम | | | |
| ८. | शेयर सदस्य संख्या | | | |
| ९. | चिलिंग भ्याट क्षमत | | | |
| १०. | दैनिक दूध संकलन | | | |
| ११. | दूध जन्य अन्य उत्पादनहरुको भए नाम.... | | | |
| १२. | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | | |
| १३. | उद्देश्यहरु | | | |
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक सुविधाहरु | | | |
| | सडक छ/छैन | | नजिकको बजारको नाम | |
| | कच्चि/पक्कि | | दुरी | |
| | बिजुली छ/छैन | | सदरमुकाम देखिको दुरी | |
| | पानीको व्यवस्था | | | |
| १५ | लक्षित समुदाय तथा परिवार संख्या | | | |
| १७ | कुल अनुमानित कार्यक्रम तथा बजेट | | | |
| १८ | प्रस्तावकले थप गर्ने बजेट | | | |
| १९ | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव भए परिमाण खुलाउने | | | |
| | क्र.सं | उपलब्धिहरु | | |
| | | | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजायको भागिदार बन्न तयार समेत रहेको व्यहोरा अवगत गरांउछु /छौं ।

| | |
|---|---|
| प्रस्तावक को नाम | |
| पद: | |
| मिति: | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

## अनुसूची –६
## छनौटको लागि मूल्यांकनका आधारहरु

| क.स. | विवरण | पूर्णाङ्क | अंक प्रदानको आधार |
|---|---|---|---|
| १. | प्रस्तावको प्रस्तुति ढाँचा | २५ | १-१५ अंक (आंशिक प्रभाव मात्र भए)<br>१६-२५ अंक (पूर्ण प्रभाव भए) |
| २. | संस्थाको स्थापना | २० | ५ अंक (५ बर्ष सम्म)<br>१० अँक (१० बर्ष सम्म)<br>१५ अंक (१५ बर्ष सम्म)<br>२० अंक (१५ भन्दा बढी) |
| ३. | दूध संकलनको परिमाण | १५ | ५ अंक (७०० ली सम्म)<br>१० अंक (१२०० ली. सम्म)<br>१५ अंक (१२०० ली. भन्दा बढी) |
| ४. | चिलिङ्ग भ्याटको क्षमता | १५ | ५ अंक (५०० लीटर सम्म)<br>१० अंक (१००० लीटर सम्म)<br>१५ अंक (१००० लीटर भन्दा बढी) |
| ५. | लाभान्वित शेयर सदस्य | २० | ५ अंक (७५ सम्म)<br>१० आक (१५० सम्म)<br>१५ अँक (२५० सम्म)<br>२० अँक (२५० भन्दा बढी) |
| ६. | दुग्धजन्य पदार्थ उत्पादन गरी राखेको | ५ | |
| | कूल अंक | १०० | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची-७

## सम्झौता पत्रको ढांचा

## सम्झौता पत्र

राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०..../... को स्वीकृत नेपाल सरकार तर्फको कार्यक्रम अनुसार स्वचालित दूध बिश्लेषण यन्त्र (Milk Analyzer) खरीदका लागि अनुदान दिन पेश भएको प्रस्ताव मध्ये मिति ................मा बसेको छनौट उप-समितीको बैठकबाट श्री.........................................(संस्थाको नाम) लाई अनुदान दिने निर्णय भएकोले राष्ट्रिय दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र ..................................(संस्थाको नाम, ठेगाना) (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसार सेवा र शर्त अनुसार सम्झौता गरी बुझिलियौं/दियौं।

१) दोस्रो पक्षको प्रस्तावना अनुसार (....संस्था रहेको ठाउँ र जिल्ला)मा स्थापित............(संस्थाको नाम) का श्री.................................(प्रतिनिधिको नाम) लाई मिल्क एनालाईजर खरीद गर्न लाग्ने रकम रु..................................मध्ये प्रथम पक्षबाट रु .......................... अनुदान स्वरुप उपलब्ध गराइने छ भने बाकी रकम दोस्रो पक्ष आफैंले लगानी गर्नु पर्ने छ ।

२) प्रथम पक्षको परामर्श तथा सहमति अनुसार दोस्रो पक्षले गुणस्तरीय सामानहरु खरिद गरी दाखिला रिर्पोट प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

३) प्रथम पक्षले स्थलगत अनुगमन पश्चात् दोश्रो पक्षले मिल्क एनालाईजर खरीद गरेको मूल्य अभिवृद्धि सहतिको विल पेश गरेपछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

४) प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध रकमबाट खरीद सम्पूर्ण सरसामग्रीहरुको मर्मत संभार दोस्रो पक्षले गर्नु पर्ने छ ।

५) दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमको प्रगति प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६) प्रथम पक्षको अनुदानमा खरीद मिल्क एनालाईजर दोश्रो पक्षले तीन वर्षसम्म विक्री वा अन्यलाई हस्तान्तरण गर्न पाइने छैन ।

७) प्रथम पक्षबाट कुनै पनि वेला अनुगमन गरी सम्झौता अनुसारको काम भए/नभएको स्थलगत जानकारी लिइकाम नभएको पाईएमा नियमानुसार कारवाही गरीने छ ।

८) प्रथम पक्षवाट अनुदानमा प्राप्त भएको मिल्क एनालाईजर जिल्ला.........गा.वि.स/न.पा..........वडा नं..........टोलका संघ/संस्था/फार्म/दुग्ध ..........................उद्योगमा उपयोगमा ल्याइनेछ ।

९) दोश्रो पक्षले अनिवार्य रुपमा होर्डिङ्ग वोर्ड तथा मेशिनमा सहयोगको किसिम उल्लेख गरेर प्रथम पक्षको नाम राख्नु पर्नेछ ।

१०) दोश्रो पक्षले अनुदान प्राप्त गरेपछि सो को जानकारी सम्वन्धित जिल्लाको सिफारिश निकाय (पशु सेवा कार्यालय/डिभिजन सहकारी विभाग)मा अनिवार्य रुपले गराई सो को वोधार्थ यस वोर्डमा उपलब्ध गराउनु पर्नेछ ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: कार्यकारी निर्देशक |
| संस्था/फार्म: | कार्यालय: रा.दु.वि.बोर्ड |
| छाप | कार्यालयको छाप |

| | |
|---|---|
| दोश्रो पक्ष(साक्षी) | प्रथम पक्ष(साक्षी) |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| संस्था/फार्म: | कार्यालय: रा.दु.वि.बोर्ड |
| | कार्यालयको छाप |

इति सम्वत् ..................साल ................... महिना ..........गते रोज .......... शुभम ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार